# मालारानी गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय, खनदह, अर्घाखाँची

गाउँपालिका क्षेत्र भित्रका कवाडीजन्य बस्तुहरु संकलन र विक्री कार्य सम्वन्धी दरभाउपत्र आह्वानको सूचना

**प्रथम पटक प्रकाशित मिति २०८२/०४/१५**

ठेक्का नं- **MRM/INCOME/SQ/2082/083/02**

यस कार्यालयबाट आ व. २०८२/०८३ को लागि स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा(६१) बमोजिम मालारानी गाउ पालिका क्षेत्रभित्र शिसा, प्लाष्टिक, कवाडी मालवस्तु संकलन र विक्री कार्य शिर्षकमा आय ठेक्का वन्दोवस्त गर्नु परेकोले तपसिल बमोजिमका शर्तहरुको अधीनमा रहने गरी ईच्छुक व्यक्ति, फर्मबाट गोप्य सिलबन्दी दरभाउपत्र आवहान गरिन्छ ।

तपशिल:

१. सिलबन्दी दरभाउपत्रको फाराम यो सूचना प्रकाशन भएको मितिले १५ दिनसम्म कार्यालय समय भित्र कार्यालयको राजस्व शाखाबाट रु. १०००।– (फिर्ता नहुने गरी) तिरी खरिद गर्न सकिने छ । यसका लागि नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी, आन्तरिक राजश्व कार्यालयमा दर्ता भएको स्थायी लेखा नं. दर्ता प्रमाणपत्रको प्रतिलिपी, आ.व. २०८१।०८२ सम्मको करचुक्ता प्रमाणपत्रको प्रतिलिपी संलग्न गरी निवेदन दिनुपर्ने छ ।

२. कवोल रकम अंक र अक्षर दुवैमा स्पष्ट बुझिने गरी उल्लेख गर्नुपर्नेछ । अंक र अक्षर फरक परेमा अक्षरलाई मान्यता दिइनेछ।

३. पत्रिकामा प्रकाशित भएको मितिले १६ दिनको १२:०० बजे भित्र यस कार्यालयमा दरभाउपत्र दर्ता गराई सक्नुपर्ने छ । सोही दिनको १ बजे यसै कार्यालयका प्रतिनिधी र दरभाउपत्रदाता वा निजको प्रतिनिधीको उपस्थितिमा दरभाउपत्र खोलिने छ । प्रतिनिधी उपस्थित नभएमा नियमानुसार सोही समयमा दरभाउपत्र खोल्न बाधा पर्ने छैन ।

४. दरभाउपत्र खरिद र दर्ता मितिका दिन सार्वजनिक विदा परेमा सोको भोली पल्ट खरिद तथा दर्ता गर्न सकिने छ ।

५. कार्यालयबाट प्रमाणित नभएको, रित नपुगेको र म्याद नाघी आएको दरभाउपत्रलाई मान्यता दिइने छैन ।

६. सिलवन्दी दरभाउपत्र सगैं आफुले कवोल गरेको अंकको ५ प्रतिशतले हुन आउने रकम यस कार्यालयको नेपाल ईन्भेष्टमेन्ट मेगा बैंक खनदह शाखामा रहेको हि.नं. २९२०१४००००१०९ **GA3.1 MALARANI GA.PA.DHARAUTI KHATA** खातामा जम्मा गरेको सक्कलै भौचर वा तपशिलमा उल्लेखित म्याद भएको बैंक ग्यारेण्टी संलग्न हुनुपर्ने छ ।

७. ठेक्का अवधि २०८३ आषाढ मसान्त सम्मको हुने छ ।

८. न्यूनतम अंक तपशिलमा उल्लेख गरिए बमोजिम हुनेछ र सो अकंमा मुल्य अभिवृद्धि कर समावेश गरिएको छैन ।

९. सम्झौताका शर्तहरु उल्लघंन भएमा कार्यालयले जुन सुकै बखत ठेक्का तोड्न सक्ने छ । यसरी ठेक्का तोडिएमा सो अवधि सम्मको बुझाउनुपर्ने दायित्वबाट उन्मुक्ति पाइने छैन । सबै रकम सरकारी बाँकी सरह असुल उपर गरिने छ ।

१०. ठेक्का सम्झौता गर्दा मु.अ.कर सहितको कवोल रकमको शत प्रतिशत रकम एकमुष्ठ रुपमा दाखिला गरेपछि मात्र सम्झौता गरिने छ ।

११. ठेक्का स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार कार्यालयमा निहीत हुने छ ।

१२. ठेक्का सम्बन्धि अन्य शर्त तथा विस्तृत विवरण दरभाउपत्र साथ उपलब्ध गराइने छ । अन्य जानकारीको लागि कार्यालय समय भित्र राजस्व शाखामा सम्पर्क राख्न सकिने छ ।

१३. यस सूचनामा उल्लेख हुन छुट भएका कुराहरु प्रचलित कानुन बमोजिम हुनेछ।

१४. यस सम्बन्धमा थप विषयहरु बुझ्नु परेमा कार्यालय समय भित्र मोवाइल नं. ९८५७०६६४३२(प्र.प्र.अ.), ९८४७३१३७३७(राजश्व शाखा प्रमुख), वा malaraniruralmun@gmail.com मा सम्पर्क गर्न सकिने छ ।

तपशिल:

| ठेक्का नं. | ठेक्काको नाम | बोलपत्र दस्तुर रु. | घरौटी रकम | न्यूनतम रकम, मु.अ. कर बाहेक | विडबण्ड मान्य अवधि | खरिद गर्ने अन्तिम मिति र समय | दाखिला गर्ने मिति र समय | खोल्ने मिति र समय |
|---|---|---|---|---|---|---|---|---|
| **MRM/INCOME/SQ/2082/083/02** | गाउँपालिका क्षेत्र भित्रका कवाडीजन्य वस्तुहरु संकलन र बिक्री कार्य | १०००।०० | मु.अ. कर सहितको कवोल रकमको ५ प्रतिशत | १,३०,०००/०० | ३५ दिन | २०८२/०४/२९ साझँ ५ बजे सम्म | २०८२/०४/३० दिनको १२ बजे सम्म | २०८२/०४/३० दिनको १ बजे |

गोविन्द भट्टराई
प्रमुख प्रशासकीय अधिकृत